# सृजनशील बाल प्रतिभा प्रोत्साहनका लागि आवेदन दिने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः२०७७।१२।२२

असाधारण एवं सृजनशिल बालबालिकाको प्रतिभाको कदर गर्ने उदेश्यले उनीहरुले विज्ञान, कला, साहित्य, खेलकुद लगायतका क्षेत्रमा गरेका सृजना, अनुसन्धान, नवप्रवर्तन, वैज्ञानिक खोज एवम उल्लेखनीय योगदान वापत त्यस्ता बालबालकाको सृजनशीलता तथा प्रतिभाको वस्तुनिष्ठ मूल्याङ्कन गरि प्रोत्साहन र सम्मान सिफारिस गर्न सृजनशील बालप्रतिभा प्रोत्साहनका लागि छनौट कार्यविधि, २०७७ को अनुसूची ३ अनुसारको ढाँचामा आवेदन भरी यस मन्त्रालयको इमेल child.protection@mowcsc.gov.np मार्फत वा राष्ट्रिय बाल अधिकार परिषद् वा मन्त्रालयको सम्बन्धित शाखामा बुझाउन सकिनेछ । यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन पठाउन सूचित गरिन्छ।आवेदनको ढाँचा र मापदण्ड यस मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषदको वेभ साइट बाट (www.mowcsc.gov.np/www.ncrc.gov.np) बाट download गर्न सकिनेछ।यो सूचना महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को वेभ साइट बाट पनि हेर्न सकिनेछ ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१. यस मन्त्रालयको वेभसाइट www.mowcsc.gov.np मा अपलोड गरिएको सृजनशील बाल प्रतिभा छनौट कार्यविधि, २०७७ को अनुसूची ३ बमोजिमको आवेदन फाराम र विवरण प्रमाणित गर्ने कागजातहरु

२. सम्बन्धित संघ संस्था वा स्थानीय तहको सिफारिस

३. जन्म मिति खुल्ने कागजात जन्मदर्ता/ शैक्षिक प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

बाल संरक्षण तथा विकास शाखा
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
इमेलः child.protection@mowcsc.gov.np
सम्पर्क फोन नं. ०१-४२००१६८

# सृजनशील बालप्रतिभा प्रोत्साहन छनौट कार्यविधि, २०७७

प्रस्तावनाः बालबालिकाले विज्ञान, कला, साहित्य, खेलकुद लगायतका क्षेत्रमा गरेका सृजना, अनुसन्धान, नवप्रवर्तन, वैज्ञानिक खोज एवम् पुऱ्याएको योगदान वापत बालबालिकाको असाधारण सृजनशील प्रतिभाको कदर गर्न निजको प्रतिभाको मूल्याङ्कन गरि प्रोत्साहन र सम्मान गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “सृजनशील बाल प्रतिभा प्रोत्साहन छनौट कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) "कार्यविधि" भन्नाले सृजनशील बालप्रतिभा प्रोत्साहन छनौट कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(घ) "सिफारिस समिति" भन्नाले कार्यविधिको दफा ६ बमोजिमको समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## बालबालिकाको योग्यता र छनौटका आधार

३. **योग्यताः** सृजनशील बालप्रतिभा प्रोत्साहन प्राप्त गर्ने बालबालिकाको योग्यता देहाय बमोजिम हुनुपर्नेछः-

(क) दश वर्ष पुरा भई अंठार वर्ष ननाघेका नेपाली बालबालिका,

(ख) विज्ञान, कला, साहित्य, खेलकुद लगायतका क्षेत्रमा सृजनशीलता देखाएका र असाधारण प्रतिभा भएका,

(ग) उच्च नैतिक चरित्र भएको ।

४. **मूल्याङ्कन आधारः** (१) सृजनशील बालप्रतिभा प्रोत्साहन प्रदान गर्ने बालबालिकाको छनौटका आधार र मूल्याङ्कन अनुसूची-१ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा बालबालिका वा संरक्षकले पेश गरेको निवेदनसँग संलग्न गरेका कागजातको तुलनात्मक एवम् सापेक्षित आधारमा गरिनेछ ।

परिच्छेद-३

छनौटको प्रकृया

५. **छनौटको लागि सुचना प्रकाशन गर्नेः** (१) सृजनशील बालप्रतिभा प्रोत्साहन गर्नुपर्ने बालबालिकाको विवरण सङ्कलन गर्ने प्रयोजनको लागि मन्त्रालयले तीस दिनको म्याद दिई अनुसूची-२ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालय र परिषद्को वेभ साईटमा राखिनेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन गर्न चाहने बालबालिकाले अनुसूची-३ बमोजिमको निवेदन फारम भरी संलग्न गर्नुपर्ने आवश्यक कागजात सहित सूचनामा दिएको इमेल मार्फत वा सोझै मन्त्रालय वा परिषद्मा म्यादभित्र निवेदन दिनुपर्नेछ।

(४) सम्बन्धित स्थानीय तहले उपदफा (१) को सूचना बमोजिम निवेदन गर्न चाहने बालबालिकाको सिफारिस गरी पठाउन सक्नेछन्।

(५) मन्त्रालयले आमसञ्चारका माध्यममा प्रकाशित वा प्रसारित समाचार वा अन्य माध्ययमबाट जानकारीमा आएका प्रतिभावान बालबालिकालाई उमेदवारको रुपमा गणना गरि विवरण प्राप्त गर्नसक्नेछ ।

(६) उपदफा (५) बमोजिम जानकारीमा आएका बालबालिकाले मूल्याङ्कनको प्रकृयामा सोको पुस्टयाई हुने कागजात पेश गर्नुपर्नेछ ।

६. **सिफारिस समितिः** (१) दफा ५ बमोजिम परेको निवेदनको मूल्याङ्कन गरी मन्त्रालयमा पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सहसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (सम्बन्धि विषय क्षेत्र हेर्ने) | - संयोजक |
| (ख) | कार्यकारी निर्देशक, राष्ट्रिय बालअधिकार परिषद् | - सदस्य |
| (ग) | उपसचिव (कानून) ,महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| (घ) | उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (ङ) | शाखा प्रमुख महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (सम्बन्धित विषय हेर्ने) | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको छनौट सिफारिस समितिको सचिवालयको काम मन्त्रालयको बाल संरक्षण तथा विकास शाखाले गर्नेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकार**: सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) दफा ५ को उपदफा (१) बमोजिम निवेदन गरेका उमेदवारको निवेदनलाई दफा ४ को आधारमा मूल्याङ्कन गर्ने,

(ख) मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने उमेदवारको नाम प्रोत्साहन तथा सम्मानको लागि मन्त्रालयमा योग्यताक्रम अनुसार सिफारिस गर्ने ।

८. **प्रोत्साहन र प्रदान गर्ने प्रक्रिया**: दफा ४ बमोजिमका मुल्याङ्कनका आधारमा छनौट भएका बालबालिकालाई देहाय बमोजिमको रकम प्रदान गरिनेछः-

(क) प्रत्येक प्रदेशबाट एक जना पर्ने गरी बढीमा दश जना बालबालिकाहरुलाई प्रोत्साहन वापत नगद र प्रसंशापत्र प्रदान गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम प्रदान गरिने प्रोत्साहन बापतको रकमको निर्धारण स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रहि मन्त्रालयबाट हुनेछ ।

(ग) छनौटमा परेका बालबालिकालाई संरक्षण वा विशेष संरक्षणको आधारमा उपदफा (१) सहित थप प्रोत्साहन समेत मन्त्रालयले गर्न सक्नेछ ।

(घ) नगद सम्मान बालबालिकाको बैंक खातामा जम्मा हुने गरी बैक चेक दिइनेछ ।

(ङ) पुरस्कार प्रत्येक वर्ष सामान्यतया अन्तराष्ट्रिय बाल दिवसको अवसर पारेर प्रदान गरिनेछ ।

(च) प्रोत्साहन/ सम्मान छनौट गर्नु पुर्व मन्त्रालयले आवश्यक ठानेमा स्थलगत निरिक्षण समेत गर्न सकिनेछ ।

## परिच्छेद-४

## विविध

९. **अन्य व्यवस्था**: (१) यस कार्यविधि बमोजिम सृजनशील बालप्रतिभा छनौट गर्ने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) प्रदेश सरकार, स्थानीय तह र सामाजिक संघ संस्थाले यस छनौट कार्यविधिलाई मार्गदर्शक कार्यविधिको रुपमा लिन सक्नेछन् ।

१०. **मन्त्रालयको निर्णय अन्तिम हुने**: सृजनशील बालप्रतिभा छनौट गर्ने सम्बन्धमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

११. **प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख भएका विषयको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. **बाधा अड्काउ फुकाउने**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची-१

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्यांकनका आधार | उच्च स्तर | मध्यम स्तर | सामान्य |
|---|---|---|---|---|
| १ | बालबालिकाले गरेको नयाँ सृजना वा देखाएको प्रतिभा बापत बढीमा ३० अङ्क | ३० | २५ | २० |
| २ | बालबालिकाले गरेको नयाँ सृजना वा देखाएको प्रतिभाले बालअधिकार र बालबालिकाको क्षेत्रमा पारेको सकारात्मक प्रभाव बापत बढीमा ३० अङ्क | ३० | २५ | २० |
| ३ | बालबालिकाको पारिवारिक स्थिति एवम् संरक्षणको अवस्था बापत बढीमा ३० अङ्क | अनाथ बालबालिका भएमा ३० | वैकल्पिक हेरचाहमा राखेको भए २५ | परिवार संग भएमा २० |
| ४ | विशेष संरक्षणको आवश्यकता भएको बालबालिका भए थप १० अङ्क | १० | - | - |
| जम्मा | | १०० | | |

अनुसूची १

सूचनाको ढाँचा

कार्यविधिको दफा ५ सँग सम्बन्धित सूचनाको ढाँचा

सृजनशील बाल प्रतिभा प्रोत्साहनका लागि आवेदन दिने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः ........।......।.......

असाधारण एवं सृजनशिल बालबालिकाको प्रतिभाको कदर गर्ने उदेश्यले उनिहरुले विज्ञान, कला, साहित्य, खेलकुद लगायतका क्षेत्रमा गरेका सृजना, अनुसन्धान, नवप्रवर्तन, वैज्ञानिक खोज एवम उल्लेखनीय योगदान वापत त्यस्ता बालबालकाको सृजनशीलता तथा प्रतिभाको वस्तुनिष्ठ मूल्याङ्कन गरि प्रोत्साहन र सम्मान सिफारिस गर्न सृजनशील बालप्रतिभा प्रोत्साहनका लागि छनौट कार्यविधि, २०७७ को अनुसूची ३ अनुसारको ढाँचामा आवेदन भरी यस मन्त्रालयको इमेल .............मार्फत वा राष्ट्रिय बालअधिकार परिषद् वा मन्त्रालयको सम्बन्धित शाखामा बुझाउन सकिने छ । यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन पठाउन सूचित गरिन्छ । आवेदनको ढाँचा र मापदण्ड यस मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषदको वेभ साइट बाट download गर्न सकिनेछ ।यो सूचना महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को वेभ साइट बाट पनि हेर्न सकिनेछ ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१. अनुसूची ३ बमोजिमको आवेदन फाराम र विवरण प्रमाणित गर्ने कागजतहरु
२. सम्बन्धित संघ संस्था वा स्थानीय तहको सिफारिस
३. जन्म मिति खुल्ने कागजात जन्मदर्ता/ शैक्षिक प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

सम्पर्क ठेगाना

बाल संरक्षण तथा विकास शाखा

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

इमेलः ......................

अनुसूची-३

दफा ५ को उपदफा (३) सँग सम्बन्धित

सृजनशील बाल प्रतिभा सम्मान प्राप्त गर्ने सम्बन्धी निवेदनको ढाँचा

निवेदन फारम

श्रीमान् सचिवज्यू
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार काठमाण्डौ ।

महोदय

म ........... वर्ष उमेर पुरा भएको बालक/ बालिका ............. क्षेत्रमा .............. बमोजिमको कार्य गरी बाल संरक्षण तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको हुदाँ मिति ........... प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

१. नाम थर
२. बाबुको/आमाको नाम
३. बाजेको नाम
४. स्थायी ठेगाना
५. हाल बसोबास गरेको ठेगाना

**संलग्न कागजातहरु**

१. (जन्मदर्ता/ शैक्षिक प्रमाणपत्र वा नागरिकताको छाँयाप्रति संलग्न गर्नुपर्नेछ)
२. .............. बमोजिमको क्षेत्रमा मिति ............ देखि हालसम्म गरेको काम सँग सम्बन्धित कागजातहरु
३. सो बाट बाल संरक्षण तथा विकासको क्षेत्रमा पुगेको योगदानको संक्षिप्त विवरण
४. बालबालिकाले आफु कस्तो प्रकारको संरक्षणमा रहेको हो भन्ने खुलेको विवरण (अनाथ, वैकल्पीक हेरचाह, परिवार वा अन्य)
५. सम्बन्धित संघ संस्था वा बाल क्लवको सिफारिशको प्रतिलिपि
६. सम्बन्धित स्थानीय तहको सिफारिशपत्र
७. यस अघि कुनै सरकारी निकाय वा संघ संस्थाबाट सम्मान वा पुरस्कार पाएको भए सो को विवरण ।